फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
फ्याक्स (Fax No.) ०१-४४५१२४२ (01-4451242)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
३ नं. प्रदेश (3 No. Province)

पत्र संख्याः २०८१।०८२ (शिक्षा)

चलानी नं. ३१०

मितिः २०८१।०९।१७

विषयः शिक्षक बैंकमा सूचीकृत हुने सम्बन्धमा ।

जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा, यस नगरपालिका भित्रका सार्वजनिक विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षकको संख्या कम भई शिक्षण सिकाइ कार्यमा बाधा पर्न गएको सन्दर्भमा कागेश्वरी मनोहरा नगरपालिकाको शिक्षक बैंक (स्थापना र व्यवस्थापन) कार्यविधि, २०८१ बमोजिम इच्छुक, दक्ष र योग्य नागरिकलाई शिक्षणसिकाइ कार्यमा सहभागी गराई शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यक स्वयंसेवक/आंशिक/सट्टा शिक्षकको रूपमा नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षक बैंकमा सूचीकृत हुन तपसिलको योग्यता पुगेका उम्मेदवारहरूले यस सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रीतपूर्वक निवेदन पेश गर्न सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. शैक्षिक योग्यता

क) प्रारम्भिक बालविकास तथा शिक्षाका सहजकर्ताको लागि कक्षा दश वा सो सरह उत्तीर्ण गरेको,

ख) आधारभूत तहको कक्षा एकदेखि तीनसम्म शिक्षण गर्ने एकिकृत सहजीकरण र कक्षा चारदेखि आठसम्म अध्यापन गर्ने विषयगत अध्यापन स्वयंसेवक शिक्षक, सट्टा शिक्षक वा आंशिक शिक्षकमा सूचीकृत हुन कुनै पनि विधा वा विषयमा कक्षा बाह्र वा सो सरह उत्तीर्ण गरेको, तर आधारभूत तहको कक्षा चारदेखि कक्षा आठसम्म अध्यापन गर्ने स्वयंसेवक शिक्षकमा सूचीकृत हुन सम्बन्धित विषयमा कक्षा बाह्र वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको,

ग) माध्यमिक तह (कक्षा ९-१०) का लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

घ) माध्यमिक तह (कक्षा ११-१२) का लागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको,

२. आबेदन दिने व्यक्ति प्रारम्भिक बालविकास र आधारभूत तह (कक्षा १-३) को हकमा १६ वर्ष र आधारभूत तह (कक्षा ४-८) तथा माध्यमिक तह (९-१०) शिक्षकको हकमा १८ वर्ष पूरा भएको।

३. नेपाली नागरिक ।

नोटः आवेदन यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यसै सूचनासाथ संलग्न निवेदनको ढाँचामा नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, अनुभव तथा तालिमका प्रमाणपत्रहरूसहित निवेदन वा https://forms.gle/LKSJdrmPgEhy3rrh7 वा तलको QR स्क्यान गरेर अनलाईनमार्फत् पठाउन सकिनेछ।

२०८१।९।१६

(पुष्पराज ढकाल)

उपसचिव

पुष्पराज ढकाल
उप-सचिव